**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १७ फरवरी २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- प्रधान मन्त्री नरेन्द्र मोदीले आज फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोंसँग मुम्बई दिपक्षीय भेटवार्ता गर्नुभयो ।
- **केन्द्रीय गृहमन्त्री अमित शाहले भोली , पश्चिम बंगाल आउँदैहुनुहुन्छ। उहाँले मायापुरमा अन्तर्राष्ट्रिय कृष्ण भावना मृत संघ (इस्कॉन) को मुख्यालयको भ्रमण गर्नुहुनेछ।**
- दार्जिलिङका सासद राजु विस्टले आज नक्सलबारी रेलवे स्टेशनबाट महानन्दा लाई हरियो झण्डा देखाउँदै शुभारम्भ गर्नुभएको छ।
- मिनिमम वेजेस शीघ्र लागू गर्नुपर्ने माग गर्दै आज इन्डियन गोर्खा जनशक्ति फ्रण्ट ट्रेड युनियनले दार्जिलिंगमा ऱ्याली निकालेको छ ।
- **मौसम विभागले उप-हिमालयी पश्चिम बंगाल र सिक्किममा आगमी 24 घंटाको अवधि मौसम सुख्खा रहने पुर्वानुमान गरेको छ।**

**<u>मुम्बई -मोदी -मैक्रों</u>**

प्रधानमंत्री नरेन्द्र मोदी तथा फ्रान्सका राष्ट्रपति इमान्युएल मैक्रोंले आज मुम्बईको लोक भवनमा द्वीपक्षिय वार्ता गर्नु भयो। दुवै नेताहरूले भारत -फ्रान्सबीचको रणनीतिक सहयोगबारे विस्तृत छलफल गर्नु भयो जसमा रक्षा, सुरक्षा, व्यापार र सांस्कृतिक आदान प्रदानका विषयहरू प्रमुख थिए। प्रत्यक्ष द्विपक्षीय वार्ता पछि प्रतिनिधि स्तरिय वार्ता चली रहेको छ। वार्ता पछि कैयन समभौताहरूमाथि हस्ताक्षर गरिने सम्भावना छ।

मुम्बई पुगे पछि श्री मैक्रोंले 26/11 को मुम्बई आतंकी हमलामा मारिएकाहरूलाई एतिहासिक ताज होटलमा श्रद्धासुमन अर्पित गर्नु भयो। उहाँले आतंकवाद विरूद्धको लड़ाईमा भारतसित एकताको प्रतिबद्धता जनाउनु भयो। एक सामाजिक संजाल संदेशमा श्री मैक्रोंले भन्नु भएको छ - आतंकवाद विरूद्धको लड़ाईमा फ्रान्स भारतका साथ मजबूतिका साथ खड़ा छ। उहाँले सो हमलाका पीड़ितहरू प्रति सहयोगको हाथ पनि बढाउनु भयो। मुम्बईमा श्री मैक्रोंले भारतीय सिनेमा जगतका केही प्रमुख हस्तिहरूसित पनि अन्तरक्रिया गर्नु भयो तथा फ्रान्स र भारत बीचको बलियो सांस्कृतिक संबंधहरूको उल्लेख गर्नु भयो

**<u>अमित शाह बंगाल भ्रमण</u>**

केन्द्रीय गृहमन्त्री अमित शाह भोली , पश्चिम बंगाल आउँदैहुनुहुन्छ। उहाँले नदिया जिल्लाको मायापुरमा रहेको अन्तर्राष्ट्रिय कृष्ण भावना मृत संघ (इस्कॉन) को मुख्यालयको छोटो भ्रमण गर्नुहुनेछ। पार्टीद्वारा जारी विज्ञप्ति अनुसार यो भ्रमण पूर्णतः धार्मिक कार्यक्रममा भाग लिनको लागि हो र यसमा कुनै पनि प्रकारको राजनीतिक सभा वा बैठक हुने छैन।

***कार्यक्रम अनुसार श्री शाह दिउँसो कोलकाता विमानस्थल पुग्नुहुनेछ र त्यहाँबाट मायापुर प्रस्थान गर्नुहुनेछ। उहाँ गल्फ कार्टबाट मन्दिर परिसरमा जानुहुनेछ, जहाँ वैदिक गुरुकुलका विद्यार्थीहरू र मन्दिर प्रबंधन द्वारा वैदिक मंत्रोच्चारका साथ उहाँको स्वागत गरिनेछ।गृहमन्त्रीले मन्दिर परिसरमा इस्कॉनका संस्थापक आचार्य ए.सी. भक्तिवेदान्त स्वामी प्रभुपादलाई पुष्पांजलि अर्पित गर्नुहुनेछ।यसपछि, उहाँ भगवान नरसिंह, श्री चैतन्य महाप्रभु तथा राधा-माधवको मन्दिरमा पूजा-अर्चना र विशेष अनुष्ठानमा भाग लिनुहुनेछ। उहाँ एक आध्यात्मिक नेताको जयन्तीको अवसरमा आयोजित मुख्य कार्यक्रममा उपस्थित रहुनुहुनेछ र सभालाई सम्बोधित पनि गर्नुहुनेछ।आयोजकहरुका अनुसार यो कार्यक्रम धार्मिक र सांस्कृतिक स्वरूप छ र यसमा ठूलो संख्यामा श्रद्धालुहरूको उपस्थिति हुने संभावना छ। कार्यक्रम पछि, शाह मायापुरबाट कोलकाता फर्किनुहुनेछ त्यहाँबाट नयाँ दिल्ली प्रस्थान गर्नुहुनेछ।***

## हिन्दू समाज बाबरी मस्जिद

पश्चिम बंगालमा 'बाबरी' नामक मस्जिद निर्माणको विरोधमा बंगीय हिन्दू महा समाजले विरोध प्रदर्शन गरेको छ।संगठनका कार्यकर्ताहरूले सिलगुडीको सडकमा हुमायूं कबीरको पुत्ला जलाए र सडक अवरुद्ध गरेर विरोध प्रदर्शन गरे। संगठनले भनेको छ बंगालमा 'बाबरी' नामको उपयोग गरेर कुनै पनि मस्जिदको निर्माण वा नामकरण स्वीकार्य हुनेछैन। यद्यपि, संगठनले अन्य कुनै पनि नाममा मस्जिद निर्माण गर्न उनीहरुलाई कुनै आपत्ति नभएको स्पष्ट पारेका छन्। बंगीय हिन्दू महासमाजका संयोजक ननी धरले कुनै पनि हालतमा बंगालमा बाबरी मस्जिद बनाउन दिइने छैन भन्नुभएको छ।उहाँले भन्नुभयो, यस नामसित सम्बन्धित इतिहास संवेदनशील र विवादास्पद रहेको छ, जसले राज्यको शान्ति र सद्भावलाई असर गर्न सक्छ।

## पश्चिम बंगाल पुलिस - बांग्लादेशी गिरफ्तारी

कोलकाताको एक बंसल अदालतले ६ जना बंगलादेशी नागरिकलाई २८ फेब्रुअरीसम्म हिरासतमा राख्न आदेश दिएको छ । आइतबार राति पार्क स्ट्रिट क्षेत्रमा नियमित चेकजाँचका क्रममा उनीहरुलाई कोलकाता पुलिसले पक्राउ गरेको हो । पुलिस स्रोतका अनुसार उनीहरुको साथबाट वैध पासपोर्ट बरामद भए पनि भिसाको म्याद सकिएर कोलकातामा बस्दै आएका थिए । मेडिकल भिसामा भारत प्रवेश गरेका उनीहरु पोर्चुगल जाने तयारीमा थिए ।

## Mahananda Express

दार्जिलिङका सासद Raju Bista ले आज नक्सलबारी रेलवे स्टेशनबाट Mahananda Express लाई हरियो झण्डा देखाउँदै शुभारम्भ गर्नुभएको छ। यसलाई ऐतिहासिक क्षण मानिएको छ, किनकि पहिलो पटक महानन्दा एक्सप्रेस नक्सलबारी स्टेशनमा रोकिएको हो। यसको साथमा अबउसो नक्सलबारी, पानीट्याङ्की तथा आसपासका क्षेत्रका बासिन्दाहरूले सिधै नक्सलबारीबाटै दिल्लीका लागि रेल चढ्न सक्नेछन् जसले अतिरिक्त खर्च बचत हुने विश्वास व्यक्त गरिएको छ। यसैबीच दार्जिलिङ पहाड, तराई र डुवर्स क्षेत्रमा सडक, रेलमार्ग र विमानस्थल विकासमार्फत राम्रो सम्पर्क सञ्जाल विस्तार गर्ने प्रयासलाई केन्द्र सरकार र रेल मन्त्रालयबाट व्यापक सहयोग प्राप्त भएको सांसद बिस्टले बताउनुभयो। उहाँले प्रधानमन्त्री Narendra Modi, रेलमन्त्री Ashwini Vaishnaw तथा Northeast Frontier Railway का सम्पूर्ण कर्मचारीप्रति क्षेत्रीय रूपान्तरण सम्भव बनाएकोमा आभार व्यक्त गर्नुभयो।

## राजु बिष्ट

आज मिरिक पञ्चायत समिति तथा चेङ्गा–पानिघट्टा पञ्चायतका निर्वाचित प्रतिनिधिहरूले दार्जिलिङ सासद राजु बिष्टसग बैठक गरी स्थानीय विकास प्राथमिकता र विद्यमान चुनौतीहरूको समीक्षा गरेका छन। बैठकका क्रममा प्रतिनिधिहरूले बासिन्दाहरूका प्रमुख सरोकारहरू उठाउँदै अक्टोबर महिनाको बाढीपछिको सुस्त पुनःस्थापना प्रक्रिया, पूर्वाधार अभाव, युवाहरूका लागि रोजगारी अवसरको आवश्यकता तथा कल्याणकारी योजनाहरूको प्रभावकारी कार्यान्वयनजस्ता विषयमा ध्यानाकर्षण गराए। छलफल स्थानीय आकांक्षासँग विकास पहललाई समन्वय गर्ने तथा सरकारी सुविधा, बिना कुनै भेदभाव घर–

घरमा पुगोस् भन्ने उद्देश्यमा केन्द्रित रह्यो। यसैबीच एक महत्वपूर्ण घोषणामा सासद बिष्टले चेङ्गा–पानिघट्टा पञ्चायतअन्तर्गत पर्ने बेलगाछी हुलाक कार्यालयमा आगामी १० दिनभित्र नयाँ आधार सेवा केन्द्र स्थापना गरिने जानकारी दिनुभयो। प्रतिनिधिमण्डलको नेतृत्व भाजपा राज्य कार्यसमिति सदस्य हरि निरौलाले गर्नुभएको थियो भने टोलीमा मिरिक पञ्चायत समिति अध्यक्ष कैलाश खवास, चेङ्गा–पानिघट्टा पञ्चायत प्रधान सुमित्रा मलयलगायत अन्य निर्वाचित प्रतिनिधिहरू सहभागी थिए।

**(सीबीएसई)**

केन्द्रिय माध्यमिक शिक्षा बोर्ड (सीबीएसई) को १०औं र १२औं बोर्ड परीक्षा आजदेखि शुरु भएको छ । परीक्षाको समय बिहान १०:३० बजीदेखि दिउँसो १:३० बजीसम्म हुनेछ। बोर्डले परीक्षाको निष्पक्ष सञ्चालन सुनिश्चित गर्न कडा निगरानी लागू गरेको छ। संवेदनशील केन्द्रहरूमा विशेष निगरानीमा रहनेछन् र सबै केन्द्रहरू सीसीटीभी क्यामेराहरूले सुसज्जित छन्। १०औं परीक्षाका लागि कुल २५,०८,३१९ परीक्षार्थीहरू छन् जसमा १४,०८,५४६ छात्रहरू र १०,९९,७७३ छात्राहरू छन्। यसरी नै १२औं कक्षाका लागि १८,५९,५५१ परीक्षार्थीहरू छन् जसमा १०,२७,५५२ छात्रहरू र ८,३१,९९९ छात्राहरू सामेल छन्। १०औं कक्षाको परीक्षा गणित बेसिक र गणित स्ट्याण्डर्ड पेपरहरूबाट शुरु हुनेछ। १२औं कक्षाको परीक्षा बायोटेक्नोलजी, उद्यमिता र शर्टह्यान्ड विषयबाट शुरु हुनेछ। यी परीक्षाहरूका लागि देशभरि १५,६४९ केन्द्रहरू स्थापना गरिएको छ।

**दूषित पानी**

मध्यप्रदेशको इन्दौर र हरियाणाको पलवलपछि अब कोलकाताको न्यू टाउनस्थित एक आवासीय परिसरमा दूषित पानीको सिकायत सामु आएको छ। आरोप छ, पछिल्लो तीन सातादेखिको परिसरको ई- ब्लकका तीन सयभन्दा अधिक बासिन्दाहरू झाड़ा-पखलाबाट ग्रस्त भएका छन्। यीमध्ये कतिपयको अवस्था गम्भीर रहेकोले अस्पतालमा भर्ती गरिएको छ। आवासमा मोठ 522 मानिसहरू बस्छन्। प्रभावित मानिसहरूको दाबी छ, लगभग हरेक फ्ल्याटमा न्यूनतम पनि एकजना पेट दुख्ने, वान्ता हुने तथा तीव्र ज्वरोको प्रकोपसित जुझिरहेको छ। उनीहरूको आरोप छ, ओभरहेड ट्यांकको समुचित हेरचाहमा लापरबाही भएको कारणले पानी दूषित भएको हो। धेरै पटक सिकायत गर्दा पनि प्रबन्धनको पक्षबाट कुनै ठोस कदम उठाइएको छैन। यसैबीच स्थितिबाट असन्तुष्ट यहाँका बासिन्दाहरूले टेक्नोसिटी थानामा सिकायत दर्ता गराए।

**ट्रेड युनियन र्‍याली**

मिनिमम वेजेस शीघ्र लागू गर्नुपर्ने माग गर्दै आज इन्डियन गोर्खा जनशक्ति फ्रण्ट ट्रेड युनियनले चौरास्ता स्तिथ पार्टी कार्यालयदेखि श्रम कार्यालयसम्म र्‍याली निकाल्यो। श्रमिकहरुले पाउने २२० रुपैयाँ दैनिक ज्यालाले परिवार धान्न गाह्रो भएको बताउँदै आईजीजेएफ प्रमुख संयोजक अजय एड्वर्डले पाँच वर्षअघि उच्च अदालतको आदेशमा समिति बने पनि त्यो कार्यान्वयन नभएको आरोप लगाए। उनले केन्द्रको सत्तारूढ दलले चुनावी घोषणापत्रमा गरेको प्रतिबद्धता पूरा नगरेको आरोप लगाए । राज्य सरकारले न्यूनतम ज्याला ५०० रुपैयाँ कायम गरे आगामी चुनावमा पुर्ण समर्थन गर्ने र केन्द्रले मिनिमम वेजेस लागू गरी ११ जाति–गोष्ठीलाई जनजाति दर्जा दिए आगामी चुनाव पूर्ण समर्थन रहने पनि एडवर्ड्सले बताए। ट्रेड युनियनको पक्षमा श्रम मन्त्रीलाई बारम्बार पत्राचार गर्दा पनि सुनुवाइ नभएको बताउँदै आज पनि श्रम विभागमा ज्ञापनपत्र बुझाइएको र न्याय नपाएसम्म आन्दोलन जारी रहने बताउँदै आवश्यक परे कोलकातासम्म पुग्ने पनि युनियनले बताइएको छ।

**क्याजुअल एमप्लोयस एसोसियसन**

अल कन्ट्र्याक्टच्यल क्याजुअल एमप्लोयस एसोसियसन(ALL CONTRACTUAL, CASUAL EMPLOYEES ASSOCIATION ) ले उनीहरूलाई पनि जीटीए को पेव्याण्ड ( payband) मा सामेल गराउँने मांग गर्दै दार्जीलिङमा आज एक सभाको आयोजना गर्यो। जीटीए सभाका चियर मेन अन्जुल चौहानको मुख्य आतिथ्यमा सम्पन्न गरिएको सभामा जीटीए सभाका प्रमुख सल्हाकार ज्योति कुमार राई अनि रिजनल स्कुल सर्भिस कमिसनका चियरम्यान बिजय कुमार राईको विशेष उपस्थित रहेको थियो। सभा कर्मचारीहरुको निम्ति एकदमै फलदायक बनेको बताउँदै एसोसिएसनका कार्यकारी सदश्य उदिप राईले जीटीए प्रति आभार प्रकट गरेका छन्।

**अद्वैत फाउन्डेसन**

अद्वैत शिक्षा पहल अनुरुप "अद्वैत फाउन्डेसन"द्वारा जोरबङलो सुकियापोखरी खण्ड को पुलुङदुङ ग्राममा पर्ने छोटापुबोङ धजेडाडा आलुबारीमा निशुल्क बिधालयको हिजो शुभारम्भ गरियो। एक भव्य कार्यक्रमको साथमा आयोजना गरिएको कार्यक्रममा स्थानीय वार्ड सदस्य तथा पुलुङदुङ ग्राम पन्चायत उपप्रधान सुष्मा तामाङ राई, फाउन्डेसनका पदाधिकारीगण लगायत स्थानीयवासीहरुको बाक्लो उपस्थिति रहेको थियो।

**टिस्टा नदी शव बरामद**

टिस्टा नदीमा हाम फालेर आत्महत्या गरेका एक व्यापारीको शव अन्ततः तीन दिनपछि आज फेला परेको छ। मृतक व्यवसायीको नाम मनोज डालमिया हो।उनी सिलिगुडीको मिलनपल्लीका बासिन्दा थिए।उल्लेखनीय छ आइतबार सिलिगुडी महकुमाको फाँसीदेवामा व्यापारी मनोज डालमियाले हाम फालेर आत्महत्या गरेका थिए। फाँसीदेवा थानाको पुलिसले मामिलाको जाँच सुरु गरेको छ।

**मौसम**

मौसम विभागले उप-हिमालयी पश्चिम बंगाल र सिक्किममा आगमी 24 घंटाको अवधि मौसम सुख्खा रहने पुर्वानुमान गरेको छ। बिहानको समयमा दार्जिलिङ, जलपाईगुडी र कुचबिहार जिल्लाका केही क्षेत्रहरुमामा हल्का देखि मध्यम कुहिरो लाग्न सक्छ, जसले दृश्यतामा असर पार्ने सम्भावना छ।
विभागले हाल कुनै पनि चेतावनी जारी गरेको छैन। आगामी दिनहरूमा मौसममा कुनै उल्लेखनीय परिवर्तन हुने छैन।

**दक्षिण पूर्वी रेलवे परिचालन**

होली पर्वको अवसरमा यात्रीहरुको बढ्दो यात्रु भीड़लाई ध्यानमा राख्दै, दक्षिण पूर्वी रेलवेले विभिन्न विशेष ट्रेनहरूको सञ्चालनको अवधि बढ़ाउने निर्णय गरेको छ। आज रेलवे द्वारा जारी विज्ञप्ति अनुसार, यी ट्रेनहरुको विस्तारित परिचालन मार्च र अप्रिल 2026 सम्म निर्धारित तिथिहरूमा गरिनेछ।

**'रूपसी बंगला'**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले 'रूपसी बंगला'- का कवि जीवनानन्द दासको जन्म दिवसमा उहालाई भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभयो।
एक सोशल मीडिया पोस्टमा मुख्यमन्त्रीले जीवनानन्द दासको प्रसिद्ध पंक्तिको हिन्दी भावार्थ साझा गर्दै भन्नुभयो बंगालको सौन्दर्य, प्रकृति औ आत्मालाई आफ्ना कविताहरूमा अमर बनाएका छन, जब कसैले बंगालको रूपलाई देख्छन्, तब उसलाई दुनियाँको कुनै पनि सौन्दर्यको खोजी गर्ने आवश्यकता पर्दन।

**********